आज मिति २०७७ साल असार ३० गते मंगलवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| बरिष्ठ आ.ले.प. अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| बरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| बरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मुल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: राहत सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२: स्वास्थ्य लाभको कामना सम्बन्धमा ।
प्रस्ताव नं.३: क्षतिपूर्ति राहत रकम सम्बन्धमा ।
प्रस्ताव नं.४: तथ्यांक संकलन गरी अत्यावश्यक सेवा संचालन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: विपद् व्यवस्थापन कोषमा रकम जम्मा गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: विपदमा सहयोग गर्नुहुने व्यक्ति तथा संघ संस्थालाई धन्यवाद ज्ञापन सम्बन्धमा ।
प्रस्ताव नं.७: सार्वजनिक शौचालय निर्माण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं.९: त्रिपाल खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१०: आय ठेक्काको सम्झौताको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.११: सुरक्षित नागरिक आवास सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७७।३।२८ गते आएको अविरल वर्षाको कारणले २०७७।३।२९ गते बिहान व्यास नगरपालिका वडा नं.९ माझफाँटमा ४० वर्षीय कमला थापा, छोरा २४ वर्षीय मनोज थापा, बुहारी २० वर्षीय अञ्जना थापा, वडा नं.९ मोहरियाटार बस्ने ७० वर्षीय सुकमाया घर्ती, वडा नं.११ वडारे निवासी ४२ वर्षीय पदम चेपाङको पहिरोमा परी दुःखद निधन भएको घटनाले व्यास नगरपालिका अत्यन्त दुःखी भएको र यस दुःखद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्नुका साथै प्रत्येक मृतकको परिवारलाई प्रति व्यक्ति रु.५०,०००। (पचास हजार) राहत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा सोही मितिमा पहिरोमा परी घाइते हुनु भएका व्यास नगरपालिका वडा नं.९ माझफाँट निवासी श्री केशरबहादुर थापा, श्री धनुमाया कुँवर, श्री मनबहादुर घर्ती, व्यास ११ का श्री सुमन भुजेल र व्यास ७ वेशीगैरा बस्ने श्री प्रेमबहादुर गुरुङ लगायत अन्य घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा केही दिनदेखि परिरहेको अविरल वर्षाका कारण पहिरोमा परी वेपत्ता हुनु भएका व्यास नगरपालिका वडा नं.९ का २० वर्षीय राजेश थापाको खोजी कार्यलाई जारी राख्दै उक्त वर्षाका कारण आएको बाढी पहिरोमा परी घाइते भएका व्यक्तिहरुको उपचारका लागि प्रति व्यक्ति बढिमा रु.४०,०००। (चालिस हजार), पूर्ण रुपमा घर क्षति भएकालाई प्रति घर बढिमा रु.५०,०००। (पचास हजार) र आंसिक रुपमा घर क्षति हुनेलाई प्रति घर बढिमा रु.२५,०००। (पच्चीस हजार) उपलब्ध गराउने र उक्त वर्षाका कारण विस्थापित परिवारको व्यवस्थापनमा आवश्यक सहयोग पुऱ्याउने निर्णय गरियो । साथै सबै पिडितहरुलाई भरसक जिल्ला विपद् कोषबाट प्राप्त हुने राहत उपलब्ध गराउन सहयोग पुऱ्याउन समेत निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा अविरल रुपमा परेको वर्षादका कारण नगरपालिका क्षेत्रभित्र रहेका बाटो, खानेपानी, कुलो, खेतीपाती आदिको नोक्सानीको विवरण सम्बन्धित वडा कार्यालयको समन्वयमा संकलन गरी अत्यावश्यक सेवाहरु तत्काल संचालनमा ल्याउन वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७७।०७८ को वडा बजेटबाट प्रति वडा रु.५,००,०००। का दरले रु.७०,००,०००। र नगर स्तरीय बजेटबाट रु.३०,००,०००। गरी जम्मा रु.१,००,००,०००। (एक करोड) विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने र सम्बन्धित वडामा पर्न आउने प्रकोपमा उक्त वडागत विनियोजित रकम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा विपदको यस घडीमा सहयोग पुऱ्याउनुहुने जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वलका प्रमुख लगायत सम्पुर्ण मानवीय कार्यमा खटिनुहुने सम्पूर्ण कर्मचारी वर्ग, नेपाली सेना, नेपाल प्रहरी, स्थानीय नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत निर्माण गर्नुपर्ने आवश्यक सार्वजनिक शौचालयहरु सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

(क) व्यास १२ स्थित पृथ्वी राजमार्ग नजिक कमलवारीमा
(ख) व्यास १ स्थित छाब्दी मादी दोभान बुद्धसिं मार्गमा
(ग) व्यास १० स्थित दुम्सी बजार व्यास मार्ग नजिक गौमाता संरक्षण एवं खेलकुद मैदान नजिक

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७६।०७७ का लागि विनियोजित देहाय बमोजिमका खर्चका शीर्षकहरुमा देहाय बमोजिम हुने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

| संकेत नं. | खर्चका शीर्षकहरु | थप गरिएको | घटाइएको |
|---|---|---|---|
| २११४२ | जनप्रतिनिधि पारिश्रमिक | ४,८००,०००। | |
| २४२११ | न.पा.ऋणको व्याज भुक्तानी | | ४,१००,०००। |
| २२५२२ | राजश्व सुधार एवं अध्ययन | | ४००,०००। |
| २८२१९ | आय तथा आन्तरिक सापटी फिर्ता | | २००,०००। |
| २२६१९ | वैदेशिक भ्रमण | | १००,०००। |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा हालै देशभर आएको अविरल वर्षाका कारण यस नगरपालिकाका विभिन्न वडाहरुमा आएको बाढी पहिरो एवं भूक्षयका कारण जोखिममा परेका तथा सम्भावित जोखिममा रहेका घरपरिवारहरुलाई तत्काल वितरण गर्न आवश्यक देखिएका रु.५,००,०००। बराबरका त्रिपालहरु अविलम्ब खरिद गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको ३३ औं नगर सभाको बैठकको निर्णय बमोजिम देहाय अनुसारका आय ठेक्काहरुको सम्झौताको म्याद देहाय बमोजिम हुने गरी थप गर्ने निर्णय गरियो ।

| क.सं. | ठेक्काको नाम | ठेक्का प्राप्त फर्म वा व्यक्ति | थप गरिएको म्यादको अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | मादी नदी मादीजन्य पदार्थ उत्खनन् तथा बिक्री | फेवा कन्स्ट्रक्सन/सावित्री निर्माण सेवा ( जे.भी., पोखरा-५ कास्की) | २०७७।५।१५ | २०७७।७।३० |
| २. | वातावरण शुल्कः | सुलभ निर्माण सेवा व्यास ३, तनहुँ | २०७७।४।१ | २०७७।६।१२ |
| ३. | छाब्दी बसपार्क संचालन तथा व्यवस्थापन शुल्कः | डायमण्ड कन्स्ट्रक्सन भानु-४, तनहुँ | २०७७।४।१ | २०७७।६।१२ |
| ४. | करंकाठ बसपार्क संचालन तथा व्यवस्थापन शुल्कः | डायमण्ड कन्स्ट्रक्सन भानु-४, तनहुँ | २०७७।४।१ | २०७७।६।१२ |
| ५. | मादी भतेरी कवाडी संकलन | पवन चुमी थापा मगर व्यास ३, तनहुँ | २०७७।४।१ | २०७७।६।१२ |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत आ.व.२०७६।०७७ मा व्यास नगरपालिकाका ९३ घरधुरीमा टिनको छाना उपलब्ध गराउने कार्यक्रम रहेकोमा सम्झौता गरेका मध्ये ७८ जनाले पहिलो किस्ता रकम लिएको बाँकीले बैंकमा खाता नखोलेको हुँदा किस्ता लिन नसकेको अवस्थामा आ.व.२०७७।०७८ मा वडा नं.५ र ६ मा ९५ जनाको लागि र अन्य वडाहरुका २१९ घरधरीहरुलाई टिनको छानामा परिणत गर्ने कार्यक्रम अनुसार उक्त कार्यक्रम हाल नगरपालिका मै हस्तान्तरण भई आएकोले सो कार्यक्रमको सम्पूर्ण कार्यहरु तोकिएको समय सिमा भित्र सञ्चालन गर्न वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।